# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।११।०७ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला सल्यान, बागचौर नगरपालिका वडा नं. ५ बाङ्गेलाँकुरी बजारमा विद्युत लाईन तान्न को लागी सभासद कोषबाट रु.१०,००,०००।- (दश लाख) र साविक शिवरथ गा.वि.स. बाट रु.५,००,०००।- (पाँच लाख) गरी जम्मा रु.१५,००,०००।- (अक्षरुपी पन्ध्र लाख) रकम प्राप्त भएकोमा रु.५,००,०००।- (पाँच लाख) को पोल गाड्ने काम मात्र भएको, विद्युत लाईन नल्याएको बाँकी रु.१०,००,०००।- (दश लाख) रकम समितिका अध्यक्ष ईन्द्रबहादुर भण्डारी, सचिव विरेन्द्र ओली र कोषाध्यक्ष त्रिपुरा वली मिलि फर्जी कागजपत्र बनाई हिनामिना गरेको भन्ने समेत व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा उक्त बिद्युतिकरणको लागि स्वीकृत बजेटबाट बिद्युतिकरण कार्यको लागि गठन भएको उपभोक्ता समितिमा संलग्न पदाधिकारीहरूले नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याउने बदनियतले २३ थान १० एम.एम. र ४६ थान ८ एम.एम. गरी ६९ थान विद्युत पोल निर्माण योजनामा प्रयोग गर्नु पर्नेमा जम्मा ३० थान ८ एम.एम. का पोल मात्र प्रयोग गरेको, उपभोक्ता समितिले भुक्तानीको लागि पेश गरेको विलहरूमा विद्युत्कोस पोलको प्रतिईकाई मूल्य कम हुँदा हुदै प्राविधिक कागजातमा प्रति ईकाई मूल्य बढाई सिमेन्टलगायत खरिद नभएका निर्माण सामाग्रीहरूको झुट्टा विल, भरपाई बनाई समावेश गरी भुक्तानीका कागजात तयार गरी गराई भुक्तानीसमेत दिई आफू र अन्य व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याई बदनियतसाथ नेपाल सरकारलाई गैरकानूनी हानि पुऱ्याउने कार्य गर्ने देहाय बमोजिमका व्यक्तिहरु उपर देहाय बमोजिमको सजायको मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

| सि.न | नामथर | पद | कार्यालय | बिगो | सजायको मागदाबि |
|---|---|---|---|---|---|
| १ | खिमबहादुर रायमाझी | तत्कालीन स्थानीय विकास अधिकारी | साविक जिल्ला विकास समितिको कार्यालय सल्यान | रु.५,१४,१३५।९३ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिम कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी |
| २ | जगदिश शर्मा | प्रमुख जिल्ला इन्जिनियर | ,, | ,, | ,, |
| ३ | प्रकाश के.सी. | लेखा अधिकृत | ,, | ,, | ,, |
| ४ | जीवराज के.सी. | नायब सुब्बा | ,, | ,, | ,, |
| ५ | कृष्ण पण्डित | इन्जिनियर | साविक जिल्ला प्राविधिक कार्यालय सल्यान | ,, | ,, |
| ६ | प्रेमबहादुर बस्नेत | सवइन्जिनियर | ,, | ,, | ,, |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | निर्मला मल्ल | प्रमुख प्रशासकीय अधिकृत | साविक बागचौर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, सल्यान | ,, | ,, |
| ८ | तोरणप्रसाद घिमिरे | लेखा अधिकृत | ,, | ,, | ,, |
| ९ | तोरणबहादुर बिष्ट | असिष्टेण्ट सवइन्जिनियर | ,, | ,, | ,, |
| १० | थमन योगी | तत्कालिन सवइन्जिनियर | ,, | ,, | ,, |
| ११ | डिल्लीबहादुर वली | अध्यक्ष | बागचौर नगरपालिका ५ नं. वडा कार्यालय | ,, | ,, |
| १२ | इन्द्रबहादुर भण्डारी | अध्यक्ष | ग्रामीण विद्युतीकरण शिवरथ उपभोक्ता समिति | ,, | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा(४) बमोजिम |
| १३ | विरेन्द्रप्रसाद वली, | सचिव | ,, | ,, | ,, |
| १४ | त्रिपुरा वली | कोषाध्यक्ष | ,, | ,, | ,, |
| १५ | थलवहादुर बस्नेत | अध्यक्ष | विद्युत लाईन विस्तार उपभोक्ता समिति | ,, | ,, |
| १६ | शिवप्रसाद पुन | सचिव | ,, | ,, | ,, |
| १७ | पार्वती पुन | कोषाध्यक्ष | ,, | ,, | ,, |
| १८ | विनोद के.सी. | प्रोपराइटर | शारदा ट्रेडर्स एण्ड सप्लायर्स | रु.४६,९९६।४७ | ,, |

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता